सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ३४ ♦ २०८२ साल असोज ६ सोमवार ♦ 22 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिवासबाट ब्राउन सुगर सहित एक युवक

खबर दर्पण समाचारदाता

असोज ५ गते, बर्दिवास



प्रहरीले महोत्तरीको बर्दीबास ३ गौरीडाँडास्थित बीपी राजमार्गमा सवारी चेकजाँच गर्दा ९७ ग्राम बढी ब्राउन सुगर सहित एक युवकलाई नियन्त्रणमा लिएको छ ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले गाईघाटबाट काठमाडौंतर्फ जाँदै गरेको बा.५ ख १८९८ नम्बर को हायसलाई आइतबार बिहान चेकजाँच गर्दा उक्त परिमाणको लागुऔषध बरामद गरेको हो।

प्रहरीले चालक नजिकैको सीटमा बसेका सिराहा मिर्चैया नगरपालिका-६ का २४ वर्षीय रोहित महतोको साथबाट लागुऔषध फेला पारेको जनाएको छ ।

लागुऔषध नियन्त्रण ब्युरो बर्दिबासका प्रमुख सरोज अधिकारीका अनुसार महतोको साथमा रहेको खैरो रङको हाफ कट्टु तलासी लिँदा सेतो प्लास्टिकमा प्याक गरेर लुकाइछिपाइ राखिएको अवस्थामा उक्त लागुऔषध भेटिएको थियो ।

बरामद ब्राउन सुगरलाई डिजिटल तराजुमा तौल गर्दा प्लास्टिकसहित १०२ ग्राम २५० मिलिग्राम र शुद्ध तौल ९७ ग्राम १६० मिलिग्राम रहेको अधिकारीले जनाउनुभयो ।

'बर्दीबासमा पक्राउ परेको यो अहिलेसम्मकै ठुलो परिमाण हो' अधिकारीले भन्नुभयो । ब्युरोले पक्राउ परेका महतोसहित बरामद ब्राउन सुगरलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमा बुझाएको छ ।

यस अघि भदौ ८ र १७ गते पनि ब्युरो प्रमुख अधिकारीकै टोलीले बीपी राजमार्गबाट ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको थियो ।

## बर्दीबास-३ पाटु गाउँमा खानेपानीको आपूर्ति ठप्प



रबिन्द्र उप्रेती

असोज ५ गते, बर्दिवास

चुरे क्षेत्रमा परेको भीषण वर्षाले महोत्तरीको बर्दीबास-३ स्थित चुरे क्षेत्रमा पर्ने पाटु गाउँमा तीन दिनदेखि खानेपानीको आपूर्ति ठप्प भएको छ। शुक्रबार अपराह्न परेको भारी वर्षापछि भोगटे खोलामा आएको बाढीले पवनेश्वर खानेपानी उपभोक्ता समितिको मुहान र पाइपलाइनमा गम्भीर क्षति पुऱ्याएको छ ।

आपूर्ति बन्द हुदा गाँउका ४ सय परिवार समस्यामा छन् । विकल्पमा खोलाको बालुवा खोस्रेर पानी पिउन बाध्य भएको गाउँले ले जनाएका छन्। 'बाढी पसेदेखि घरका धारा सुकेका छन्' स्थानीय रमेश क्षेत्रीले पीडा पोख्नुभयो 'हामी रातु खोलाको जरुवा पानी पिउन बाध्य छौं।'

बाढीले भोगटे खोलाको शीरमा रहेको पानीको मुहान पुर्नुका साथै पाइपलाइनका विभिन्न खण्ड बगाएपछि सेवा अवरुद्ध भएको हो । समितिका अनुसार खोलामा आएको बाढी यो मनसुनको अहिलेसम्मकै ठुलो थियो ।

स्थानीय रमेश क्षेत्रीका अनुसार भीषण वर्षापछि कारे, भोगटे र रातु खोलामा एकैपटक बाढी आएको थियो। जसमध्ये भोगटे खोलाले मुहानमा हिलो माटो थुपार्नुका साथै पानी रिचार्जका लागि बनाइएको २ मिटर अग्लो र १० मिटर लामो बाँधमा पनि ठुलो क्षति पुऱ्याएको छ ।

समितिका सचिव कृष्ण भण्डारीका अनुसार गाँउदेखि ७-८ किलोमिटर टाढा पर्ने मुहानसम्मको पैदल यात्रा पनि जोखिमपूर्ण बनेको छ। चुरेको भिरालो डाँडा चढ्नुपर्ने र बाढीले बाटो समेत भत्काएले मर्मत कार्यमा थप कठिनाइ भएको हो ।

साधन स्रोत अभाव भएकोले बाह्य सहयोग बिना उपभोक्ता समितिको क्षमताले मुहान तथा पाइपलाइन मर्मत सम्भव नभएको सचिव भण्डारीले बताउनुभयो। उहाँले भन्नुभयो 'मर्मत नगरेसम्म पानी आपूर्ति तत्काल सम्भव नभएकोले गाँउमा पानीको समस्या लम्बिने देखिएको छ ।'

पानीको चरम सङ्कटका बिच बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्रीले उपभोक्ता समितिलाई राहत स्वरूप एक थान मोटर र केही मिटर पाइप उपलब्ध गराएको समितिले जनाएको छ । यो सहयोगको भरमा समितिले ०५२ सालदेखि प्रयोगविहीन अवस्थामा रहेको पुरानो इनार सफा गरेर शनिबार देखि अस्थायी समाधानको प्रयास थालेको छ ।

इनारबाट मोटरमार्फत पानी तानेर ट्याङ्कीमा भण्डारण गरि ने र त्यहाँबाट वितरण गरिने समितिले जनाएको छ। सचिव भण्डारीका अनुसार भने गाउँमा दैनिक करिब १ लाख लिटर पानी आवश्यक पर्छ। इनार र मोटर को क्षमता अत्यन्त सीमित भएकाले दीर्घकालीन समाधान यसले गर्न सक्दैन ।

नगर प्रमुखको सहयोगले केही राहत दिएको भए पनि दीर्घकालीन समाधानका लागि सङ्घीय तथा प्रदेश सरकार, गैर सरकारी संस्था र स्थानीयको सहकार्य अपरिहार्य रहेको गाँउलेको भनाइ छ । २०५२ सालमा युनिसेफको सहयोगले निर्माण गरिएको पवनेश्वर खानेपानीले चुरे क्षेत्रमा रहेको बर्दीबास-३, पाटु गाँउका ४०० परिवार लाभान्वित हुँदै आएका थिए ।

## जलेश्वर कारागारबाट भागेका २३३ कैदीबन्दी फर्किए

खबर दर्पण समाचारदाता

असोज ५ गते, बर्दिवास

गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण यहाँको जिल्ला कारागार जलेश्वरबाट भागेका कैदीमध्ये २३३ जना फर्किएका छन्। कारागारबाट भागेका पाँच सय ७६ कैदीबन्दीमध्ये तीन सय ४३ जना अझै फर्किएका छैनन् ।

सङ्घीय राजधानी काठमाडौँसहित देशभरि जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ७ बजे जलेश्वर कारागारमा कैदीबन्दी भई बस्दै आएका ४० भारतीयसहित सबै पाँच सय ७६ जना कैदी फरार भएका कारागारका जेलर अशोक क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार आज बिहानसम्म दुई सय ३३ जना कैदीबन्दी फर्कर आएका छन् ।

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी



✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# औरहीमा पहिलोपटक बृहत कलश यात्राको आयोजना हुँदै

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

भदौ २७ गते, महोत्तरी

महोत्तरीको प्रसिद्ध धार्मिक स्थल सोनामाई मन्दिरमा यस वर्ष दशैंको घटस्थापनाको अवसर मा दुई ऐतिहासिक कार्यक्रम एकसाथ सम्पन्न हुँदैछन्। औरही नगरपालिका-७ मा स्थित सोनामाई शक्तिपीठमा जहाँ वर्षौं देखि भूत मेला र यस वर्ष पहिलोपटक करिब २ हजार ५ सय कलश सहितको बृहत कलश यात्राको समेत आयोजना गर्न लागिएको छ।

## यस्तो छ कलश यात्राको तयारी

औरही नगरपालिका तथा नगर वासीको संयुक्त पहलमा दशैंको घटस्थापनाको दिन विशेष कलश यात्राको आयोजना हुँदैछ। यो पवित्र यात्रा फुलबरियाको वेतो, पचाईन र जङ्गा खोलाको संगमस्थलबाट प्रारम्भ भई सोनामाई मन्दिरसम्म पुग्नेछ। नगरपालिकाका अनुसार यस ऐतिहासिक कलश यात्राले नगरवासी बीच एकता, सांस्कृतिक धरोहर र धार्मिक मूल्यलाई अझ सुदृढ बनाउने विश्वास गरिएको छ।

नगर प्रमुख प्रदीप कुमार खड्काले भने, "सोनामाई मन्दिर हाम्रो आस्था, विश्वास र सांस्कृतिक सम्पदाको केन्द्र हो। कलश यात्राले नगरको धार्मिक एवं सांस्कृतिक इतिहासमा नयाँ अध्याय थप्नेछ। नगरवासीबीचको एकता र साझा परम्पराप्रतिको सम्मानलाई यो यात्राले अझ गहिरो बनाउनेछ।"

## भूत मेला सुरु

यसैबीच, बडादशैंको अवसरमा वर्षौं देखि नै भूतमेलाका लागि प्रसिद्ध सोनामाई मन्दिरमा आजदेखि भूत मेला पनि सुरु भएको छ। पुजारी कामेश्वर झाका अनुसार प्रत्येक वर्ष बडादशैंको षष्ठीदेखि विजयादशमीसम्म चल्ने यो मेला यसपटक पनि अविरल रूपमा सुरु भएको हो।

सोनामाई शक्तिपीठलाई भूत, पिशाच, बोक्साबोक्सी र दुष्ट आत्माको सतावटबाट मुक्ति पाउने स्थलका रूपमा जनविश्वास रहेको छ। मन्दिर का पुजारी रमेश झाका अनुसार "महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहटलगायत नेपालका विभिन्न जिल्ला तथा भारतका सीतामढी, मधुवनी, पटना जस्ता शहरहरूबाट हजारौं पीडित ( कारनी) र श्रद्धालुहरू प्रत्येक वर्ष यस मेलामा आउँछन्। यहाँ धामीझाँक्रीहरूले रातदिन भजनकीर्तन र भूत भगाउने कार्यमा तल्लीन रहन्छन्।"अर्का पुजारी झगरु झाले बताए अनुसार भूत मेलामा आएका पीडितहरू देवीको दृष्टि पर्नासाथ निको भएर आ-आफ्ना घर फर्कने गरेको अनुभव गरिन्छ। मेलामा आउने भक्तहरूको सुरक्षाका लागि र रातको बासको व्यवस्थाका लागि पूजा व्यवस्थापन समितिले आवश्यक तयारी गरेको छ। समितिले यस वर्ष पनि भक्तजनलाई सहज र सुरक्षित वातावरणमा पूजा गर्न सक्ने व्यवस्था मिलाइएको बताएको छ।




## धार्मिक पर्यटनको सम्भावना

दशैंको अवसरमा आयोजना हुने यी दुई कार्यक्रम – बृहत कलश यात्रा र भूत मेला – दुवैले सोनामाई मन्दिर र औरही नगर पालिकाको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई राष्ट्रिय स्तरमा स्थापित गर्ने अपेक्षा गरिएको छ। नगरपालिकाले सबै श्रद्धालु, नगरवासी तथा आगन्तुकलाई सोमवार बिहान ८ बजे सोनामाई मन्दिरमा उपस्थित भई कलश यात्रामा सहभागी हुन हार्दिक निमन्त्रणा दिएको छ।

धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिएको यस कार्यक्रमले स्थानीय पर्यटनलाई समेत सुदृढ बनाउने विश्वास नगरवासी र आयोजक दुवैको छ।




# जलेश्वर कारागारबाट....

कैदीबन्दी फरार भएको भोलिपल्टै भदौ २५ गत कार ागार प्रशासनले फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेपछि आज बिहानसम्म दुई सय ३३ जना आइसकेका जनाउँदै अझै आउने क्रम पनि जारी रहेको क्षेत्रीले बताउनुभयो । जलेश्वर कारागारबाट भागेकामध्ये १२ जना कैदीबन्दीलाई भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका उहाँको भनाइ छ ।

बाँकी कैदीबन्दी आफैं कारागार मा फर्किएका हुन् । जेनजीको प्रदर्शन चलिरहेको बेला भदौ २४ गते मङ्गलबार राति करिब ५०० को सङ्ख्यामा आएका प्रदर्शनकारीले आफूलाई जेनजी भन्दै कारागार कार्यालयका तीन तहका ढोका फुटाएर सबै कैदीबन्दीलाई भगाएका जेलर क्षेत्रीले जानकारी दिनुभयो ।

जेनजीको प्रदर्शनको आडमा जलेश्वर कारागारबाट भागेका र अझै पनि नआएका तीन सय ४३ कैदीबन्दीलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मी परिचालन गरी खोजीकार्य गरिरहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताउनुभयो । रासस

# दशैं सुरु,.......................

गर्दछन्, तर जमरामा जौ बाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको नेपाल पञ्चांग निर्णायक समितिका पूर्वअध्यक्ष रामचन्द्र गौतम बताउँछन् ।

## नवरात्रभर दुर्गादेवीका नौ रुपको पूजा

घटस्थापनादेखि विजया दशमीसम्मको अवधिलाई नवरात्र भनिन्छ । नवरात्रभर अधिष्ठात्री देवी दुर्गाका नौ रुपको पूजा गरिन्छ ।

नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ ।

बडादशैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्राइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरुले दशैं घर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूजा गर्दछन् ।

नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवम् स्तुतिको पाठ गरिन्छ। यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवती, भद्रकाली, मैतीदेवी लगायत देशभरका देवी मन्दिर अर्थात् शक्तिपीठमा पूजा आराधना एवम दर्शनार्थीको भीड लाग्छ।

दशैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ । दुर्गा पूजा र दशैं पर्व कुनै जात एवम् धर्म विशेषको भनी शास्त्रीय रुपमा प्रमाण नभएको यो मानव मात्रको कल्याणका पक्षमा काम गर्ने शक्तिको प्रतीकका रुपमा मनाउने गरिएको धर्मशास्त्रका जानकारहरु बताउँछन् ।

यस वर्षको दशैंको टीका असोज १६ गते परेको छ ।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| ऑखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मन्त्रिपरिषद् विस्तार : ५ जना मन्त्री थपिए, विज्ञयतालाई प्राथमिकता



**खबर दर्पण समाचारदाता**

**असोज ५ गते, बर्दिवास**

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले आइतबार मन्त्रिपरिषद् विस्तार गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले विज्ञहरुलाई प्राथमिकता दिदै ५ जना मन्त्री थपेकी छन्। दोश्रो पटक विस्तार गरिएको समेत मन्त्रिपरिषद्मा ९ जना पुगेका छन् ।

पहिलो पटक प्रधानमन्त्रीले ३ जनालाई मन्त्री बनाएकी थिइन् । उनले ७ जना मन्त्री थपेर ११ सदस्यीय मन्त्रिपरिषद् बनाउने तयारी गरेकी थिइन्। तर अन्तिम समयमा ५ जनालाई मात्रा मन्त्री बनाइएको छ ।

राष्ट्रपति कार्यालय स्रोतले जनाए अनुसार पूर्व न्यायधीश अनिल कुमार सिन्हा, वैज्ञानिक महावीर पुन, संचारकर्मी जगदीश खडेल, स्वास्थ्यकर्मी संगीता मिश्र र मदन परियार मन्त्री नियुक्त भएका छन् । सिन्हालाई कानून, उद्योग वाणिज्य, भूमि सुधारलगायतको मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

पुनलाई शिक्षा मन्त्रालय, मिश्रालाई स्वास्थ्य, खडेललाई सञ्चार तथा प्रविधि र परियार लाई कृषि मन्त्रालय दिइएको छ । पूर्व न्यायधीश सिन्हालाई कानून, स्वास्थ्यकर्मी मिश्रालाई स्वास्थ्य, सञ्चारकर्मी खडेललाई सञ्चार, वैज्ञानिक पुनलाई शिक्षा र परियारलाई कृषि मन्त्रालय दिइएको छ ।

मिश्रालाई विगतको सरकारले स्वास्थ्य सचिवमा बढुवा गरेको थिएन । उनी असन्तुष्ट भई ६ महिनादेखि विदामा थिइन । दोश्रोपटक विस्तारीत मन्त्रिपरिषद्मा समेत जेन- जी युवाहरुको प्रतिनिधित्व भएको छैन ।

रिक्त रहेको १३ मन्त्रालय मध्ये प्रधानमन्त्री कार्कीले २ जना मन्त्री मात्र अब नियुक्त गर्ने छिन् । यसअघि नै उनले ११ सदस्यीय मन्त्रिपरिषद् मात्र गठन गर्ने घोषणा गरेकी थिइन् । संघीय सरकारमा २२ सदस्यीय मन्त्रिपरिषद् गठनको प्रावधान छ ।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई सरुवा गरी मनोज सिलवाललाई नियुक्त गरेको छ ।

त्यसैगरि जेन- जीको आन्दोलन छानबिनका लागि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरिएको छ । आयोगको सदस्यमा पूर्वएआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वर प्रसाद भण्डारी रहेका छन् ।

शुभकामना

हिन्दुहरुको मान चाड
विजयादशमी,शुभ दिपावली तथा
छठ पर्वको शुभ उपलक्ष्यमा सम्पुर्ण नगरवासी एवं देश तथा
विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा
सुख,समृद्धी,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति र उन्नतिको लागि हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

शिक्षामा लगानी ल्याउछ सुनौलो बिहानी



विशेश्वर प्रसाद यादव
**अध्यक्ष**
सोनमा गाउपालिका
एवं समस्त गाउपालिका परिवार

शुभकामना

हिन्दुहरुको मान चाड
विजयादशमी,शुभ दिपावली तथा
छठ पर्वको शुभ उपलक्ष्यमा सम्पुर्ण नगरवासी एवं देश तथा
विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा
सुख,समृद्धी,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति र उन्नतिको लागि हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

शिक्षामा लगानी ल्याउछ सुनौलो बिहानी



राम विजय महतो
**नगरप्रमुख**
बलवा नगरपालिका
एवं समस्त नगरपालिका परिवार

शुभकामना

हिन्दुहरुको मान चाड विजयादशमी,शुभ दिपावली तथा छठ पर्वको शुभ उपलक्ष्यमा सम्पुर्ण नगरवासी एवं देश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख,समृद्धी,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति र उन्नतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



गाउघरलाई सफा र स्वच्छ राखौ ।
चर्पीमा मात्र दिसा पिसाव गरौ ।
बालबालिकालाई अनिवार्य विद्यालय पठाऔ ।
शिक्षा दिएर असल नागरिक बनाऔं ।

रामनाथ यादव
**अध्यक्ष**
समसी गाउपालिका
एवं समस्त गाउपालिका परिवार

शुभकामना

हिन्दुहरुको मान चाड विजयादशमी,शुभ दिपावली तथा छठ पर्वको शुभ उपलक्ष्यमा सम्पुर्ण नगरवासी एवं देश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख,समृद्धी,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति र उन्नतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउघरलाई सफा र स्वच्छ राखौ ।
चर्पीमा मात्र दिसा पिसाव गरौ ।
बालबालिकालाई अनिवार्य विद्यालय पठाऔ ।
शिक्षा दिएर असल नागरिक बनाऔं ।



मोहन पाण्डे
**मेयर**
मनरा सिस्वा नगरपालिका
एवं नगरपालिका समस्त परिवार

# दशैं सुरु, आज घटस्थापना



**खबर दर्पण समाचारदाता**
**असोज ५ गते, बर्दिवास**

नेपालीहरुको महान पर्व बडादशैं आजबाट सुरु भएको छ। आज पहिलो दिन घटस्थापना हो। प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास र धूमधामका साथ बडादशैं मनाइन्छ। बडादशैंको पहिलो दिन आज घर-घरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ। गाईको गोबरले लिपपोत गरि एको पूजा कोठा अथवा दशैं घरमा पवित्र नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई जौ छरेर विधिपूर्वक जमरा राखिन्छ। जौको अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसहित समृद्धिको प्रतीक पहेंलो जमरा ग्रहण गरिन्छ।

'जौबाहेक अरु अन्नको जमरा राख्ने शास्त्रीय विधि छैन'

विधिपूर्वक स्थापना गरिएको घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो। आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गरिन्छ। कसैकसैले जौ बाहेक गहुँ र मकैको पनि जमरा राख्ने

बाँकी पृष्ठ २ मा

# अपाङ्गता भएकाहरुको जीवनमा सकारात्मक परिवर्तन

**खबर दर्पण समाचारदाता**
**असोज ५ गते, बर्दिवास**

धनुषाको तीन पालिकामा सञ्चालित समावेशी जलवायु उत्थानशील सामुदायिक विकास परियोजनाले अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याएको परियोजनाको सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरुले बताएका छन्। अस्ट्रेलियन ऐड र सिविएमको आर्थिक एवम प्राविधिक सहयोगमा लाइफ नेपाल र अपाङ्ग समाज जनकपुरधामको सहकार्यमा सञ्चालित उक्त परि योजनाको आइतबार जनकपुर धाममा भएको सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरुले धनुषाको जनकपुरधाम उपमहानगर पालिका, मिथिला विहारी नगर पालिका र औरही गाउँपालिकामा सो परियोजना सञ्चालन भएपछि अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अधिकारको बारेमा जानकारी प्राप्त गरी स्थानीयस्तरमा आफनो अधिकार खोजबिन गर्न थालेको बताएका थिए। सहभागीहरुले स्थानीयतहमा निर्माण हुने बजेट तथा कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रमहरु राख्न आफूहरुले दवाव दिने गरेको भन्दै विगतको तुलनामा अब धेरै सुधार भएको बताएका थिए। कार्यक्रममा सहभागी भएका अपाङ्गता भएका व्यक्ति विऋु दासले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनामार्फत जिविकोउर्पाजनका लागि लाइफ नेपालले उपलब्ध गराएको अनुदानले आफूहरुको जीवनमा आमुल परिवतन ल्याएको भन्दै यस प्रकारका कार्यक्रम स्थानीय सरकारमार्फत सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहभागी सलमा खातुनले जलवायु उत्थानशील सामुदायिक विकास परि योजनामार्फत आफूहरुलाई दिएको सीपले रोजगार सिर्जना



भएको भन्दै यस प्रकारको परि योजनाको निरन्तरता हुनु पर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहभागी स्थानीय सरकार प्रमुखहरुले जलवायु उत्थानशील सामुदायिक विकास परियोजनाले अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा सकारात्मक परिवर्तन ल्याउनुको साथै स्थानीय सरकारलाई समेत धेरै कुरा सिकाएको कारण अपाङ्गता भएका व्यक्तिको हितमा स्थानीय सरकारले आउने दिनमा विभिन्न किसिमका कामकाज गर्न लागेको बताउनुभयो। जनकपुरधाम उपमहानगर पालिका नगर उपप्रमुख किशोरी साहले जनकपुरधाम उपमहानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको सातसय कार्ड जारी गरी उनीहरुको लागि कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो। मिथिला विहारी नगरपालिकाका नगर प्रमुख राजेन्द्रप्रसाद यादवले आफनो पालिकामा अपाङ्गता भएका व्यक्तिहरुका लागि आठ लाखको सामग्री वितरण गरेको बताउनुभयो। लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा औरही गाउँपालिकाका अध्यक्ष उमाशंकरप्रसाद साह, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका मधेश प्रदेश अध्यक्ष किरण पासवानसहितका विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो।







## बडा दशैं २०८२ को शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



हरिप्रसाद मण्डल
मेयर
मठिहानी नगरपालिका,
महोत्तरी परिवार

सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं। भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं।

## बडा दशैं २०८२ को शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



प्रदीप कुमार खड्का
मेयर
औरही नगरपालिका,
महोत्तरी परिवार

सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं। भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,